**भारतीय राजदूतावास**

**काठमाडौं**

***

**प्रेस विज्ञप्ति**

## नेपालको सुदूरपश्चिम प्रदेशको बझाङमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शिलान्यास समारोह

बझाङ जिल्लाको जयपृथ्वी नगरपालिकाको भोपुरमा अवस्थित श्री सत्यवादी माध्यमिक विद्यालयको प्रशासनिक तथा छात्रावास भवन निर्माणको लागि शिलान्यास आज काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री नारायण सिंह र जयपृथ्वी नगरपालिकाका, बझाङका मेयस श्री चेतराज बजालले संयुक्त रूपमा गर्नुभयो ।

२. श्री सत्यवादी माध्यमिक विद्यालयको प्रशासनिक तथा छात्रावास भवन भारत सरकारको लगभग नेरु. १३.९ करोडको आर्थिक सहयोगमा निर्माण हुन लागेको हो ।

३. नयाँ पूर्वाधारमा तीन तल्ले प्रशासनिक ब्लक, छात्र तथा छात्राका लागि छात्रावासका साथै शौचालय र अन्य सहयोगी संरचनाहरू रहनेछन्। यो परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा अघि बढाइएको छ र जयपृथ्वी नगरपालिका, बझाङमार्फत कार्यान्वयन गरिनेछ।

४. जयपृथ्वी नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालाहरुले भारत सरकारले प्रदान गर्दै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो ।

५. नजिकका छिमेकी तथा विकास साझेदारका रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाल सरकारको समृद्धि र विकास हासिल गर्ने प्रयासलाई थप मजबुत बनाउन भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं,

२०८२ माघ २